# लेखापरीक्षण प्रतिवेदन

# डुङ्गेश्वर गाउँपालिका, दैलेख

आर्थिक वर्ष २०८०/८१



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## डुङ्गेश्वर गाउँपालिका, दैलेख

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि

(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य

(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता

(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/335

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
डुङ्गेश्वर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
दैलेख।

**कैफियतसहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएकोसामाजिक सुरक्षा तथा संरक्षणको रु.७ करोड २२ लाख ३५ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१ करोड ९ लाख ४२ हजार, एकिकृत स्वास्थ्य व्यवस्थापन कार्यक्रमको रु.२ लाख ९९ हजार, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.४ लाख १५ हजार र आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु.३ लाख १२ हजार समेत रु.८ करोड ४२ लाख३ हजार समावेश गरेको छैन।

२. पालिकाको रु.८३ करोड ७८ लाख १८ हजारको लेखापरीक्षण गरिएकोमा रू.२ करोड ३२ लाख ७८ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा प्रतिक्रियाबाट रु.८ लाख १४ हजार फस्यौंट भई बाँकी बेरुजु रु.२ करोड २४ लाख ६५ हजारमध्ये असुल गर्नुपर्ने रू.१९ लाख ३५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१८ लाख ३८ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ७७ लाख २८ र पेश्की बेरुजु रु.९ लाख ६३ हजार रहेको छ। गत वर्षसम्म रु.१६ करोड ५० लाख ६० हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष रु.१ लाख ८३ हजार फस्यौंट भई हालसम्मको अद्यावधिक बेरुजु रु.१८ करोड७३ लाख ४२ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा सबै लेखा टिप्पणीहरु र सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने डुङ्गेश्वर गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य वेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी डुङ्गेश्वर गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६९ | १२० | २,३२,७८,३५२ | ० | २५ | ८,१३,५२७ | ० | ६९ | ९५ | २,२४,६४,८२५ | १९,३५,१५४ | १,७७,२७,७६५ | १८,३८,४७४ | ० | ० | १,९५,६६,२३९ | ९,६३,४३२ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दैलेख | १६,५०,६०,००० | | १,८२,८८४ | १६,४८,७७,११६ | ० | २,२४,६४,८२५ | १८,७३,४१,९४१ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | | समायोजन ग्रेडसहित बढी ग्रेड भुक्तानी | ७,६३,६७७ |
| २ | २०८०/८१ | | लेखा समिति : | ५,१०० |
| ३ | २०८०/८१ | | पदाधिकारी भ्रमण | ७,२०० |
| ४ | २०८०/८१ | | खर्च पुष्टयाईको प्रमाणः | ३०,८०० |
| ५ | २०८०/८१ | | अतिरिक्त कक्षा संचालन – | ६,७५० |
| ६ | २०७९/८० | | बढी ग्रेड /तलब भुक्तानीः | १,८२,८८४ |
| जम्मा | | | | ९,९६,४११ |

# (८०६६७५०३३०० - डुङ्गेश्वर गाउँपालिका, दैलेख )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल १०५.१९ वर्ग किलोमिटर तथा १४,५३३ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।८।१७ देखि २०८१।९।५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको रु.८३,७८,१८,२४८। आय-व्ययको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१३,६९,७९९।० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | पारीश्रमिक कर र बढी ग्रेड भुक्तानी असुल | २४,३०० |
| २ | पारीश्रमिक कर घटीकट्टी असुल | ६,७१० |
| ३ | अग्रिमकर बढी भुक्तानी असुली | ४६,५०६ |
| ४ | बढी ग्रेड असुल | ३७,८५६ |
| ५ | दोहोरो तलब असुल | ५४,४२७ |
| ६ | निर्माण व्यवसायीलाई बढी भुक्तानी असुल | १२,००,००० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छ ।

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वित्तिय प्रतिवेदन | | | | | | | | |
| आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१ | | | | | | | | |
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट निकाय) | | | | | | | | |
| | | | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | २,४२,२०,५०१.७५ | ० | २,४२,२०,५०१.७५ | २,०४,९७,८०६.५९ | ० | २,०४,९७,८०६.५९ |
| १३००० | अनुदान | | २६,१०,५९,१२९.३१ | ० | २६,१०,५९,१२९.३१ | ३१,८६,२२,९८९.०० | ० | ३१,८६,२२,९८९.०० |
| १४००० | अन्य राजस्व | | २,०२,५०,७५०.२४ | ० | २,०२,५०,७५०.२४ | १४,०२,७९१.५२ | ० | १४,०२,७९१.५२ |
| १५००० | विविध प्राप्ति | | ८,२६,५०१.०० | ० | ८,२६,५०१.०० | ० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | | ३०,६३,५६,८८२.३० | | ३०,६३,५६,८८२.३० | ३४,०५,२३,५८७.११ | | ३४,०५,२३,५८७.११ |
| ३ | चालु | | २५,५४,७८,६६८.८७ | ० | २५,५४,७८,६६८.८७ | २६,७३,४४,५६६.४० | ० | २६,७३,४४,५६६.४० |
| २१००० | पारिश्रमिक / सुविधा | | १७,७७,५४,८८७.३० | ० | १७,७७,५४,८८७.३० | १९,३९,०७,५४९.२७ | ० | १९,३९,०७,५४९.२७ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ७,४०,११,९०५.५७ | ० | ७,४०,११,९०५.५७ | ६,७७,३६,४८०.१३ | ० | ६,७७,३६,४८०.१३ |
| २६००० | अनुदान | | ४६,५७५.०० | ० | ४६,५७५.०० | ० | ० | ० |
| २७००० | सामाजिक सुरक्षा | | २९,८३,४९५.०० | ० | २९,८३,४९५.०० | ४७,५४,४४०.०० | ० | ४७,५४,४४०.०० |
| २८००० | अन्य खर्च | | ६,८१,८०६.०० | ० | ६,८१,८०६.०० | ९,४६,०९७.०० | ० | ९,४६,०९७.०० |
| ४ | पूंजीगत | | ७,९९,८९,४७५.६७ | ० | ७,९९,८९,४७५.६७ | ९,३५,९५,४९१.२६ | ० | ९,३५,९५,४९१.२६ |
| ३१११० | भवन तथा संरचना | | ४,२१,५०,५६१.३५ | ० | ४,२१,५०,५६१.३५ | ३,८८,८२,१९२.९३ | ० | ३,८८,८२,१९२.९३ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ४८,४५,८१७.३७ | ० | ४८,४५,८१७.३७ | ४४,०५,०६०.०० | ० | ४४,०५,०६०.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ९,५०,०००.०० | ० | ९,५०,०००.०० | १०,९९,४४०.०० | ० | १०,९९,४४०.०० |
| ३११४० | सुरक्षा उपकरण | | ० | ० | ० | १२,९८,३७०.०० | ० | १२,९८,३७०.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ३,०३,९३,२५६.९५ | ० | ३,०३,९३,२५६.९५ | ४,६४,३३,९७२.३३ | ० | ४,६४,३३,९७२.३३ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | १४,९९,५२९.०० | ० | १४,९९,५२९.०० | १४,७६,४५६.०० | ० | १४,७६,४५६.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | १,५०,३११.०० | ० | १,५०,३११.०० | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | | ३३,५४,६८,१४४.५४ | | ३३,५४,६८,१४४.५४ | ३६,०९,४०,०५७.६६ | | ३६,०९,४०,०५७.६६ |
| ग) | बचत /कमी (ग = | | (२,९१,११,२६२.२४) | | (२,९१,११,२६२.२४) | (२,०४,१६,४७०.५५) | | (२,०४,१६,४७०.५५) |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | क-ख ) | | | | | | | |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | ९,८५,१२३.६६ | | ९,८५,१२३.६६ | ३२,१८,२५०.२० | | ३२,१८,२५०.२० |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | (२२,७९,६१४.५७) | | (२२,७९,६१४.५७) | (४,१४,१८६.६७) | | (४,१४,१८६.६७) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (२,८१,२६,१३८.५८) | | (२,८१,२६,१३८.५८) | (१,७१,९८,२२०.३५) | | (१,७१,९८,२२०.३५) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ३,७९,७३,१९४.२६ | | ३,७९,७३,१९४.२६ | ५,५१,७१,४१४.६१ | | ५,५१,७१,४१४.६१ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ९८,४७,०५५.६८ | | ९८,४७,०५५.६८ | ३,७९,७३,१९४.२६ | | ३,७९,७३,१९४.२ |

२.१ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.७,२२,३५,०४७, गरिव सँग विशेश्वर कार्यक्रम रु.४,१५,०००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.१,०९,४२,०००, आन्तरिक मामिला तथा कानून मन्त्रालय रु.३,१२,०००, एकिकृत स्वास्थ्य व्यवस्थापन कार्यक्रम रु.२,९८,९९६। समेत रु.८,४२,०३,०४३।० सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

२.२ **संञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु, पूँजीगत, आन्तरिक राजस्व खातामा र राजस्व बाँडफाँड खातामा रु.६१,११,८९३.९२ मौज्दात रहेको रकम मिति २०८१।५।३१ मा संचित कोषमा ट्रान्सफर गरेको पाइयो। तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ।

२.३ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | 1,14,30,874.8 | 32,04,356.02 | 82,26,518.78 |
| चालु खर्च खाता | 23,43,749.5 | 23,08,768.42 | 34,981.08 |
| पुँजीगत खर्च खाता | 1,50,91,261.16 | 7,37,434.1 | 1,43,53,827.06 |
| विविध खर्च खाता | | 25,66,980.22 | -25,66,980.22 |
| धरौटी | 26,14,414.64 | 21,01,535.64 | 5,12,879 |
| प्रकोप व्यवस्थापन कोष | 0 | 3,24,291 | -3,24,291 |
| जम्मा | | | 2,02,36,934.7 |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

२.४ **फरक जिम्मेवारी**-पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.८,१०,७५,२८७। मौज्दात रहेकोमा यो वर्ष रु.९३,८६,६५१। जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.७,१६,८८,६३७ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ।

२.५ **फरक हिसाब**-यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.२,३१,५७,६२३, यस वर्षको प्राप्ति रु.१२,३१,७४,०१९।,यस वर्षको भुक्तानी रु.१०,०२,९६,१५५.६ र बैङ्क मौज्दात रु.२,७९,७६०.४४ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | | **3,79,73,194.26** | **30,73,42,006** | **33,54,68,144.54** | **98,47,055.68** |
| एकीकृत आर्थिक विवरणअनुसार | | 1,48,15,570.78 | 43,05,16,024.64 | 43,57,64,300.18 | 95,67,295.24 |
| फरक | | 2,31,57,623 | -12,31,74,019 | -10,02,96,155.6 | 2,79,760.44 |

२.६ **कर दायित्वः** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.४,१४,१८६.६७ देखाएको छ। यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन। अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,१४,१८६.६७ |

३ **कार्य सञ्चालन तथा अन्य कोष**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम संचालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्ने ब्यहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष विविध खाता र प्रकोप व्यवस्थापन कोष जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी समेत रु.१,२६,४०,६६८.३४ मा रु.१,३०,५५,८०८.५१ खर्च गरी रु.५,८४,८५९.८३ मौज्दात

देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरो पन आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक वाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

४ **प्रकोप व्यवस्थापन कोष**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ।पालिकाले गत वर्षको मौज्दात समेत रु.१६,९२,७३४। आम्दानी भई रु.१३,६८,४४३। खर्च गरी बाँकी रु.३,२४,२९१ देखिन्छ।

५ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु.३९ करोड १८ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।३।२४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ।

६ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

७ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

८ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | 1,72,03,000 | 1,53,57,803.4 | 4.58 |
| २ | पूर्वाधार विकास | 70,81,200 | 6,00,39,344.78 | 17.90 |
| ३ | सामाजिक विकास | 19,10,25,000 | 16,52,19,325.15 | 49.25 |
| 4 | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 1,36,62,000 | 1,31,35,048.49 | 3.92 |
| 5 | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | 9,74,44,763 | 8,17,16,622.73 | 24.36 |
| **जम्मा** | | 3,90,14,763 | 33,54,68,144.6 | 100 |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४९.२५ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ४.५८ प्रतिशत रहेको छ।

## ९ खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.३४,५०,२६२। राजस्व बाँडफाँड र अनुदानबाट रु.२६,४२,८६,८९९.६९ समेत रु.२६,७७,३७,१६१.६९ आम्दानी भएकोमा चालु तर्फ रु.२५,५४,४०,६६८.८७ र पूँजिगत तर्फ रु.७,९९,८९,४७५.६७ समेत रु.३३,५४,३०,१३३.५४ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०२८ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु.४८,९७,५१०।खर्च भएको छ जुन आन्तरिक आयको १४१.९४ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७०.१२ प्रतिशत चालु र २९.८७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

## १० आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रको संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन।
- पालिकाले योजनागत खाता राखेको पाईएन। विविषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई रहँदा पुँजीगत निर्माणमुखी रहेको पाइएन। कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन।
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने सुपासमेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता (म ले प फा नं ५०७) राखेको भएता पनि कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।
- सञ्चालित योजनाको सूचना पाटीमा आय(व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एवं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन।
- वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको पाइएन।

- प्रचलित कानुन अनुसार लेखा समित गठन गरेता पनि म ले प प्रतिवेदनहरु सम्बन्धमा छलफल गरेको अभिलेख रहेको पाइएन।
- सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण बनाई लागु गरेको पाईएन ।
- सुचना अधिकारीको काम कर्तव्य र जिम्मेवारी सम्बन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सो अनुरुप सूचना प्रवाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख पाइएन।
- वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा गर्नपर्ने र नगरेमा दफा ३५ वमोजिम रु.५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन।
- पालिकाले हालसम्म संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको पाइएन।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित मितिमा पेस गरेको पाइएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकाँश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको पाइएन।
- दिगो बिकास लक्ष्य (सन् २०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भए गरेको पाइएन।
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मुल्यांकनको कार्य भएको पाइएन।
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९(क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश गरेको पाइएन।
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण राखेको पाइएन।
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना भएको पाइएन।
- यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फस्यौट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राखु पर्नेमा राखेको पाइएन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य संचालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ ।

## ११ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर डुङ्गेश्वर गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

## १२ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशिर्षक | कुल खर्च हजारमा | त्रैमासिक खर्च रु. हजारमा | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | 79,989 | 9,010 | 9,035 | 13,781 | 48,163 | 26,516 |
| प्रतिशत | | 11.27 | 11.30 | 17.22 | 60.21 | 33.15 |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.७ करोड ९९ लाख ८९ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.९०लाख १०हजार (११.२७ दोस्रो त्रैमासिकमा रु.९० लाख ३५ हजार (११.३० प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.१ करोड ३७ लाख ८१ हजार (१७.२२ प्रतिशत) चौथो त्रैमासिकमा रु.४ करोड ८१ लाख ६३ हजार (६०.२१ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.२ करोड ६५लाख १६ हजार (३३.१५ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

## १३ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ।

## १४ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल १२४ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | 5 | 5 | 0 | 0 |
| २. | वडास्तरीय | 119 | 0 | 32 | 87 |
| | जम्मा | 126 | 5 | 32 | 87 |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १२४ योजनामात्र कार्यान्वियन भई ३ योजना कार्यान्वियन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

## १५ गाउँपालिकाको आवधिक योजना तयारी

आवधिक योजना तयारी कार्यको परामर्श सेवा रु.६,९३,१९९।मिति २०८०।१२।२९सम्म सम्पन्न गर्ने गरी फेनापती कन्सल्टेन्ट प्रा लि सँग मिति २०८०।९।२९ मा संझौता भएको थियो। परामर्शदाताले अन्तिम भुक्तानिको लागि मिति २०८१।२।१० मा निवेदन पेश गरे अनुसार मिति १०५४-०८१।३।२३ बाट परामर्श दातालाई रु.६९३१९९।भुक्तानी गरेको पाइयो। अतः संझौता अविध भन्दा ४२ दिन ढीला गरि कार्य सम्पन्न गरेकाले रु.६,१३,४५०। को प्रति दिन ०.०५% ले हुने रु.१२,८५२। असुल गरि बेरुजु दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,८५२ |

## १६ बजेट अवण्डा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.४० लाख अबण्डा बजेट व्यवस्था गरी १७ योजनामा रु.३३,८१,२७२। खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।

| क्र सं | योजनाको नाम | बजेट / खर्च |
|---|---|---|
| 1 | जय जन्ता प्राथमिकविद्यालयमा अल्फा ब्रोदर्सको बिल अनुसार भुक्तानी | 75,000 |
| 2 | वडा नं १ को बलेना देखि कसेराटोल सम्म सडक निर्माण गरेको विलको भुक्तानी | 1,70,442 |
| 3 | वडा नं.२ को परिगैरा शिखरद्धारी सडक निर्माणरजनकल्याण मा.वि फिल्ड निर्माण | 1,50,000 |
| 4 | राताटोल पहिरो नियन्त्रण | 70,500 |
| 5 | सम्मेनी देखी राउटे डाँडा र पोखरीपाटा देखी मटेला र नयाँ गाउँ सडक निर्माणा वटा नं.५ | 46,949 |
| 6 | स्वास्थ्य चौकी मर्मत वडा नं.१ को प्राविधिक विल पेस | 1,73,762 |
| 7 | वडा नं.३ को श्रीसरस्वती आ.वि रेक्चाको शौचालय निर्माण | 1,87,933 |
| 8 | पाइप खरिद तथा मर्मत | 1,87,614 |
| 9 | पिपल चौतारा मा.वि सामाग्री खरिद | 1,05,999 |
| 10 | वडा नं.३ने रा मा वि हनेटो फिल्ड निर्माण | 6,26,264 |

## १७ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका पशुपन्छी सातौ/आठौ, आलेप पाँचौ, अशिष्टेन्ट सव इन्जिनियर, पशु प्राविधिक सहित ६ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

### १८ कर्मचारी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन।पालिकाले उल्लेखित पदहरुमा समेत ४६ कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.१,५२,४९,४५५। भुक्तानी गरेकोमा माथि उल्लेखित दरवन्दी बहायकका पदमा विभिन्न कर्मचारीहरु राखी रु.७२,६६,४८०। खर्च गरेको छ। ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७२,६६,४८० |

### १९ लक्ष्य प्रगति

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतला ाइ जिम्मेवार बनाउनु पर्दछ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** |
| **कार्यक्रम संख्या** | 124 | 3 | 0 | 0 | 1 |

पालिकाले यस आ.व मा १२६ योजनाहरु कार्यान्वयन गर्न बजेटको व्यवस्था गरेकोमा ३ वटा योजना कार्यान्वयन हुन नसकेको र १ योजनाले ७५ प्रतिशत सम्म प्रगति गरेको पाइयो। पालिकाले योजना छुट्याउँदा १०० प्रतिशत र सम्पुर्ण योजना कार्यान्वयन गर्ने सक्ने गरि गरिनु पर्दछ।

### २० सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो मन्त्रालय र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छन्।

| **सम्पत्ति** | **प्राप्त मिति** | **संख्या** | **खरिद/प्राप्ति मूल्य** | **कैफियत** |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | विभिन्न | 22 | 38,00,000 | पालिका भवनको मात्र उल्लेख गरेको विस्तृत रुपमा विवरण उपलब्ध नगराएको |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | | 31 | 2,06,20,381.05 | |
| उपकरण (रु.१ लाखभन्दा बढी) | | 12 | 18,00,000 | |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | 2075/3/20 | 1 | 10,45,000 | एम्बुलेन्स |

पालिका भित्र वनेका पालिकाका सम्रचनाहरुको लगत राख्नेगरेको पाइएन। साथै उपकरणहरुको पनि चुस्त दुरुस्त अभिलेख राख्ने गरेको नपाइएकाले व्यवस्थित अभिलेख राख्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ।

२१ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गर्दा सामानको अवस्था मर्मत गर्नु पर्ने लिलाम गर्नुपर्ने उल्लेख गरेको पाइएन। अतः जिन्सी निरिक्षण प्रतिवेदन तयार गर्दा जिन्सी सामानको अवस्था देखिने गरी विवरण तयार गर्नु पर्दछ।साथै जिन्सी निरिक्षण प्रतिवेदन तयार गर्नेले सामानको विवरण मात्र पेश नगरी प्रतिवेदन समेत पेश गर्नु पर्नेमा प्रतिवेदन संलग्न गरेको पाइएन।

२२ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

२३ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष दर्ता भएको ७ विवादमा २ वटा मात्र फर्स्यौट भई ३ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

२४ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २८ वटा ऐन, ३ वटा नियमावली, ४४ कार्यविधि लगायत ७ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। कानुनको कार्यान्वयन तर्फ पालिकाको ध्यान जानु पर्दछ।

२५ **सेवा प्रवाहको स्थिति**

यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ ।

| विवरण | जम्मा |
|---|---|
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | 409 |
| मृत्युदर्ता | 155 |
| बसाईसराई दर्ता | 221 |
| विवाह दर्ता | 189 |
| सम्बन्धविच्छेद दर्ता | 15 |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

२६ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १०

करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.७,९९,८९,४७५। पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

२७ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) रु.१,७०,९८,५१५।प्रमाणित गरेको छ। भुक्तानी दिन बाँकी बजेटमा रु.९० लाख व्यवस्था गरेकोमा रु.९० लाख नै भुक्तानी गरेको छ। पालिकामा संचालित अन्य कार्यक्रमबाट बजेटमा व्यवस्था गरेको भन्दा रु.८०,९८,५१५। बढी गत वर्षको भुक्तानी दिनबाँकी भुक्तानी दिएको पाइयो।यसबाट भुक्तानी दिन बाँकी रकम प्रमाणीत गरेको देखिन्छ। पालिकाले कार्यक्रम संचालन गर्दा आगामी वर्षमा दायित्व सृजना नहुने गरि कार्यक्रम संचालन गर्न पालिकाले ध्यान दिनु पर्दछ। अतः गत वर्षको भुक्तानी दिन बाँकी मध्ये रु.८०,९८,५१५। को बजेट व्यवस्था समेत नगरि खर्च अन्य कार्यक्रम बाट खर्च लेखिनु नियम सम्वत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ८०,९८,५१५ |

२८ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २१ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट ११ सहकारीले विवरण दाखिला गरेको पाइयो। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ। समाजसेवि कृषि सहकारीले युवा तथा साना व्यवसायी स्वरोजगार कोष सँग कर्जा लिएकोमा समयमा फिर्ता गर्न नसकेकोले सुचीत गराउँदा हालसम्म फिर्ता गर्न नसकेको व्यहोराको मिति २०८१।४।१६को पत्रबाट पालिकालाई जानकारी गराएकोले सो पत्र अनुसार पालिकाले कार्य गर्नु पर्ने देखिन्छ।

२९ **फरक खर्च शिर्षक**

स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२ (१) गाउँपालिका तथा नगरपालिकाको प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अधिलाई आर्थिक वर्ष कायम गरि आय र व्ययको हिसाव राख्नु पर्ने तथा उपनियम २ मा सरकारले निर्धारण गरेः बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्वन्धि व्यवस्थाको पालना गर्नु पर्ने उल्लेख छ। पालिकाले निम्नानुसार खर्च भुक्तानी गर्दा फरक खर्च शिर्षकबाट भुक्तानी गरेको पाइयो। रकम भुक्तानी गर्नु अघि रकमान्तर समेत नगराइ विभिन्न मिति र भौचरबाट रु.१६,६७,६९१। कर्मचारी पारिश्रमिक शिर्षकबाट कार्यालय सामान मर्मत तथा सञ्चार खर्च शिर्षकमा भुक्तानी भएको नियम संवत देखिएन। स्वास्थ्य विभाग सँग तलब र प्रशासनिक खर्च माग गरेकोमा तलब शिर्षकमा मात्र बजेट प्राप्त भएकाले सोही शिर्षकबाट प्रशासनिक खर्च समेत गरेको पालिकाको भनाइ छ।

३० **खर्चमा मितव्ययिता**

सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका अनुसार कार्यालयले आफ्ना प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। पालिकाले यस वर्ष इन्धन रु.२३,००,०००, भ्रमण रु.१,१५,५६३, मर्मत ११,००,०००, कार्यालय सामान रु.१५,००,०००, विविध रु.१२,००,०००।, पदाधिकारी सुविधा रु.४९,००,०००। र संचारमा रु.१०,००,०००। खर्च गरेको छ। यस किसिमका खर्चमा नियन्त्रण गरि सोत साधनको उपयोगमा पालिकाको ध्यान जानुपर्दछ।

३१ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ६० संघसंस्था र व्यक्तिहरुलाई रु.३,१५,०००।आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.३४,५०,३६२ को ९.१२ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ।

३२ **आन्तरिक मामिला तथा कानुन मन्त्रालय**

आन्तरिक मामिला तथा कानुन मन्त्रालय व. उ. शि. न. बाट खर्च गरेकोमा भत्ता पाउनेको विस्तृत विवरण पेस गरेको पाइएन। विस्तृत विवरणको परिक्षण गर्न नसकिएबाट सामाजिक सुरक्षा भत्ता पाउने पनि दोहोरीएको संभावना हुन सक्ने साथै पिडितले दोस्रो विवाह समेत गरेको हुन सक्ने हुँदा भत्तापाउनेको विवरण स्रेस्तासाथ राख्ने तर्फ ध्यान दिनुपर्दछ। घाइते अपाङ्गता जिवन निर्वाह भत्ता रु.९६,०००। र सहित स्मृति भत्ता रु.२,१६,०००।गरी रु.३,१२,०००। भुक्तानी भएको छ। सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०८० २(ञ) मा हकवाला भन्नाले शहिद वा वेपत्ता पारिएका व्यक्तीका पती वा पत्नी निज नभए निजका छोरा अविवाहित छोरी र निज पनि नभए निजका आमा बुबा सम्झनु पर्दछ भनी उल्लेख गरेको छ। पालिकाले सहिद स्मृति भत्ता वितरण गर्दा निम्नानुसार कार्यविधि विपरितका व्यक्तीका नाममा समेत भुक्तानी गरेको पाइएकाले यसलाई यकिन गरी व्वस्थित रुपमा भत्ता वितरण गरिनुपर्दछ।

३३ **निःशुल्क उपचार सहायता**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ। सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट २४ जनाको लागि रु.१७,६०,०००। खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ।

| **क्रम** | **उपचारको किसिम** | **व्यक्ती संख्या** | **रकम रु हजारमा** |
|---|---|---|---|
| १ | डायलाइसिस | 3 | 1,80,000 |
| २ | क्यान्सर | 18 | 13,65,000 |
| ३ | मेरुदण्ड पक्षघात | 3 | 2,15,000 |
| | **जम्मा** | | 17,60,000 |

३४ **कार्य योजना**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना

तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ। पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू राहत, घर गोठ पहिरो, असाध्य रोग मा राहत दिएको पाइएन। ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ।

## ३५ सूचना प्रविधि पद्धति

सूचना प्रविधि नियन्त्रण वातावरणमाकार्यालयको कारोबारसँग लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधि सँग सम्बन्धित प्रणाली व्यवस्था, प्रवेश नियन्त्रण लगायतका विषयसमावेश हुन्छन्।सूचना प्रविधि नियन्त्रण वातावरणका सम्बन्धमा पालिकाले निम्न अनुसारका कार्य गरेको छैन ।

- कार्यालय स्वयको नियन्त्रणमा रहेका सूचना प्रविधि पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र व्याकअप आन्तरिक रुपले भरपर्दो नभएको,
- सूचना प्रविधि पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्वन्धित सफ्टवेयर म्यानुअल अनुसार र मलेप फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको,
- सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधि लागू नगरेको र त्यसको अभिलेख मलेप फाराम ९०३ मा नराखेको,
- सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको।

## ३६ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४५,००,०००।प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.३४,५०,३६२.३३ अर्थात अनुमान भन्दा २३.३२ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

## ३७ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| 14,85,50,927.32 | 34,50,262.33 | 2.32 |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा 2.32 प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

## ३८ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | 1,00,000 | 33,666 | **33.67** |
| घरजग्गा वहाल कर | 1,00,000 | 1,68,130 | **168.13** |
| व्यवसाय कर | 2,00,000 | 18,250 | **9.13** |
| वहाल विरौटी शुल्क | 0 | 650 | |
| भूमी मालपोत | 8,00,000 | 6,59,718 | **82.46** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३९ **राजश्व बाँडफाँड**

स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व बाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु.

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | 1,26,100 | 50,440 | 0 | 50,440 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,४४० |

४० **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले ४१ व्यवसाय दर्ता, १८ नवीकरण, ४ पूजीवृद्धी, १ खारेजि, १ ठाउँसारी गरी शुल्क वापत रु.१८ऽ२५०।कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन्। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छन्। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ।

४१ **राजश्व अभिलेख**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाले रसिद ठेली छपाइ गरी वडा नं. १ मा रसिद नं.२५१-७५१ सम्म पठाएकामा ५४ वटा रसिद काटीएको पहिलो प्रतिमा च्यातिएको तर अन्य प्रतिमा रकम उल्लेख गरेको पाइएन। वडा नं.१ मा पर्ने ढुङ्गा गिटी बालुवा उत्खनन्को लागि पालिकाबाट १० ठेली नगदी रसिद छपाइ वडा अध्यक्ष श्री श्याम बहादुर रानालाई भर्पाइ गरि दिएकोमा निजले स्थानिय व्यक्तीलाई रसिद दिएको पाइयो। यसरी राजश्व संकलनको लागि कुनै संझौता तथा भुक्तानीको आधार वेगर स्थानीयलाई रसिद दिइदा मौखिक रुपमा रसिद काट्ने व्यक्तिले रसिद काटेको २५ प्रतिशत रकम राख्न पाउने सहमती भएको पाइयो । निज अम्वर बहादुर थापाले प्राप्त गरेको ठेलीहरुको प्रति रसिद रु.४००। का दरले हुने ७ ठेलिको रकम मात्र कार्यालयमा बुझाएको पाइयो। निजले बुझाउन बाँकी रहेको २ ठेली नकाटिएको र १ ठेली काटीएको तर नगद नबुझाएकोले १ ठेली ५० रसिदको प्रति रसिद रु.४००। का दरले हुने रु.२०,०००।मा व्याज रकम समेत रु.२२,०००। निजसँग असुल गरि बेरुजु दाखिला गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,००० |

४२ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

४३ **नागरिक आवास कार्यक्रम**

सुरक्षित नागरिक आवास कार्यविधि २०७५ को दफा ३ अनुार लक्षित वर्गको पहिचानपश्चात दफा ५(४) बमोजिम स्थानीय तहसँग सम्झौता गरी पहिलो किस्तावापत साठी प्रतिशत रकम उपलब्ध गराइने र उक्त रकम लाभग्राहीले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अगाडि बढाउन खर्च गर्नुपर्ने र निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा बाँकी ४० प्रतिशत रकम दोस्रो किस्तामा उपलब्ध गराउने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष ३६ जना लाभग्राहीलाई रु.५०,०००।अनुदान उपलब्ध गराउने व्यवस्था भएता पनि विलको आधारमा रु.१७,२२,१७६।उपलब्ध गराएको पाइयो। सुरक्षित नागरिक आवाश कार्यान्वय कार्यविधिको बुदा नं १७ अनुसार रु.८५,८२४। खर्च गरेको पाइयो। कट्टी गर्नु पर्ने भन्दा बढी रु.४२९१२ कट्टी गरि बढी खर्च गरिनु नियमसम्वत देखिएन।

४४ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

४५ **सोझै खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) मा रु.१० लाखसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ। पालिकाले वैकल्पिक उर्जा कार्यक्रम अन्तर्गत विद्युतिय चुलो, प्रेसर कुकर र कराइ २५० थान पालिकाको सहभागिता ५० प्रतिशत रहने गरि संचालन गरेको पाइयो। विद्युतिय चुल्लोको माग बढी भएकोले मिति २०८०।१२।१३ को बैठकले सोलार प्यानल खरिद गर्नकालागि रु.२,००,०००।को व्यवस्था गरेकोमा सो समेत विद्युतिय सामान खरिद गर्नमा प्रयोग गर्ने निर्णय गरेको पाइयो। भौ.१५-०८१।२।३० बाट क्लिन इनर्जी ट्रेड लिंङ्क बाट रु.२०,००,०००।को सामान खरिद गरेकोमा पालिकाले रु.१०,००,०००। भुक्तानी गरेको पाइयो।अतः रु.१० लाख भन्दा बढीको सामान खरिद गर्दा नियमावलीको व्यवस्थाको पालना गरि खरिद गरिनुपर्दछ।

४६ **नन्फाइलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.८,३४,५०८। समेत रु. ७०,९९,०४१। भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि उक्त फर्म कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो। उक्त फर्मले कर समायोजन विवरण पेश गर्नुपर्ने रु.

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्या नं | भुक्तानी रकम | मुअकर कर रकम | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|
| 19-080/12815 | न्यू कालिका कन्ट्रक्सन | 617249113 | 20,98,938 | 2,39,030 | 2080।T।२ |
| 114-081।3।21 | | | 12,90,704 | 1,48,488 | |
| 27-081/1/31 | कालिका कान्ष्ट्रक्सन | 617765140 | 8,26,799 | 92,242 | 2080।T।3 |
| 30-081/2/24 | | | 11,04,107 | 1,23,544 | |
| १८९।०८१।१।३१ | सक्षम निर्माण सेवा | ६०३७६९१९३ | १७,७८,४९३ | २,३१,२०४ | NON-FILLER since 2080/T/3 |
| जम्मा | | | ७०,९९,०४१ | ८,३४,५०८ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,३४,५०८ |

४७ **पूर्वनिर्धारित क्षतिपूर्ति**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ। लागत अनुमान रु.२,८८,१५०। भएको ढुङ्गा गिटी बालुवा उत्खन्नको लागि आई.ई.ई को काम रु.२,६४,४२०। मिति २०८०।७।५ मा सक्ने गरि पादुका इन्जिनियरिङ्ग सोलुसन एण्ड कन्ष्ट्रक्सन सँग मिति २०८०।६।४ मा संझौता गरेको पाइयो। परामर्श दाताले मिति २०८०।७।१९ माकार्य सम्पन्न गरेको पाइयो।तोकिएको समय भन्दा १७ दिन ढिला गरि कार्य सम्पन्न गरेकोले रु.२,३४,०००। को प्रति दिन ०.०५% ले हुने रु.१,९८९।सम्वन्धित सँग असुल गरि बेरुजु दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९८९ |

४८ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.९,६३,४३२। बाँकी रहेको देखिन्छ। फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| क्र सं | भौ मिति | पेश्की लिने | भुक्तानी रकम |
|---|---|---|---|
| 1 | 25-080/9/20 | तल्लो गोठपाडा जलबायु उत्थानशिल खानेपानी सरसफाई तथा स्वच्छतासेवा प्रदायिक उ.स | 3,57,734 |
| 2 | 155-081/12/22 | हनेटा खानेपानी तथा सरसफाई उ स | 3,20,676 |
| 3 | 190-081/1/31 | समाला टोल राजिगाउँ जोरेखोला खोनपानी | 2,85,022 |
| | जम्मा | | 9,63,432 |

| | |
|---|---|
| पेश्की | ९,६३,४३२ |

४९ **लागत अनुमान**

सार्वजनिक खरिद ऐन, २०६४ को दफा ५ मा खरिद कार्यको एक लाख भन्दा माथिको खरिदमा लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार खरिदमा लागत अनुमान तयार गर्नु पर्नेमा तायर नगरीखरिद गरेको पाइयो।अतः लागत अनुमान तयार गरि खरिद गर्नु पर्दछ।

| क्र सं | भौ मिति | विवरण | सामान | भुक्तानी रकम |
|---|---|---|---|---|
| 1 | 7, १०, १३, १५-080/12/20-3/18 | क्वालिटी भेट सेन्टर | भेटनरी औषधि खरिद | ७४७५६५ |
| 2 | 3-080/7/19 | नवरत्न भेट सेन्टर | भेटनरी औषधि खरिद | २००००० |
| 3 | 2-081/1/20 | क्वालिटी भेट सेन्टर | भेटनरी औषधि खरिद | २५०००० |

## ५० पूँजीगत शीर्षकबाट चालू खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट र कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्दछ । पालिकाले पूँजीगततर्फ साझेदारी रकममा बजेट विनियोजन गरी कार्यपालिकाको निर्णयाबाट राष्ट्रपति खेलकुद कार्यक्रमको लागि रु.१० लाख २१ हजार खर्च गरेको छ। पूँजीगत शीर्षकमा विनियोजन गरेर रु.१०२१९१६। र चालू शिर्षकमा खर्च गरिनु नियम सम्वत देखिएन।

| गोश्वारा भौचर नं. | खर्च भएको शीर्षक (पूँजीगत) | खर्च भएको कार्यक्रम | खर्च रकम |
|---|---|---|---|
| ९-२०८०।७।२२ | साझेदारी रकम | राष्ट्रपति रनिङ शिल्डकार्यक्रम (आ.व.२०७९।८० को) | १२१८८५ |
| १२१-२०८०।१२।६ | साझेदारी रकम | राष्ट्रपति रनिङ शिल्ड खेलकुद कार्यक्रम | १०४४७५ |
| ११३-२०८०।१२।४ | साझेदरी रकम | राष्ट्रपति रनिङ शिल्ड खेलकुद कार्यक्रम | ६५३५५६ |
| २२३- २०८१।३।१७ | साझेदारी रकम | राष्ट्रपति रनिङ शिल्डको पुरस्कार वितरण खर्च | १४२००० |
| | | जम्मा | १०२१९१६ |

## ५१ टुक्रा पारी सोझै खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ। त्यसैगरी नियमावली, २०६४ को नियम ८५(४) अनुसार रु.१ लाख रुपैंया भन्दा बढि रकमको सोझै खरिद गर्दा मौजुदा सुचिमा रहेका कम्तिमा ३ वटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष मसलन्द तथा कार्यालय सामग्रीमा रु.५९,१३,७१५।० खर्च गरेको छ। उस्तै प्रकृतिको विभिन्न खरिद कार्यलाई प्याकेजीङ्ग गरी बोलपत्रको माध्यमबाट गराउन सकिने अवस्थामा लागत अनुमान तयार नगरी सोझै खरिद गरेको केही उदाहरण निम्नानुसार रहेको छ। एउटै प्रकृतिको धेरै मसलन्द तथा कार्यालय सामग्री खरिदको कामलाई उपयुक्त प्याकेज बनाई खुला बोलपत्र आव्हान गरी मितव्ययी तरिकाले खरिद गर्नुपर्दछ।

| गोश्वारा भौचर नं. | निर्माण व्यवसायि तथा आपूर्तिकर्ता | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ११-२०८०।७।२२ | केसि अर्डर सप्लायर्स | फर्निचर खरिद | ३,६७,८१५ |
| १२-२०८०।८।२० | डेनिस अटोसप | मोटरसाइकल खरिद | ३,४६,००० |
| १३-२०८०।८।२० | टिडि डेकोर हाउस | फर्निचर तथा फिक्चर(पर्दा कार्पेट आदि) | ९,७५,९७२ |
| १५-२०८०।८।१५ | डिम्स इन्टरनेशनल | फर्निचर खरिद | ५,८२,००० |
| १८१-२०८१।१।२५ | राप्ति निर्माण सेवा | सडक निर्माण | २,५६,४११ |
| १६९-२०८१।१।२१ | शर्मा कन्स्ट्रक्सन | सम्मेनी देखि राउटेडाँडा सम्म सडक निर्माण | ८,३०,५६५ |
| १६८-२०८१।१।२१ | समृद्धि इ ट्रेडर्स | ल्यापटप प्रिन्टर खरिद | २,७४,००० |
| १६६-२०८१।१।२० | आर पि कन्स्ट्रक्सन | आग्र ज्यामिरे जोड्ने सडक निर्माण | ४,१४,९७३ |
| २०६- २०८१।३।६ | समृद्धि इ ट्रेडर्स | ल्यापटप तथा डेस्टप खरिद | २,८६,३२४ |
| २०४-२०८१।३।६ | एक्सिस कम्प्युटर एण्ड सप्लायर्स | ल्यापटप खरिद | १,१९,७८० |
| २३७-२०८१।२०।१७ | मधु फर्निचर उद्योग | फर्निचर उद्योग | २,०९,२८१ |
| २९४-२०८१।३।१८ | थापा ट्रेडर्स एण्ड सप्लायर्स | फर्निचर खरिद | ३,८४,९४० |
| २६८-२०८१।३।१८ | के.एस. निर्माण सेवा | लामाकाटिया देखि रानावन सकड निर्माण | ४,९७,८३९ |
| ११- | केसि अर्डर एण्ड सप्लायर्स | फर्निचर खरिद | ३,६७,८१५ |
| | | | ५९,१३,७१५ |

५२ **सवारीसाधन खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ। अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। पालिकाले यसवर्ष १ थान मोटरसाईकल खरिद गरी रु.३ लाख ४६ हजार खर्च गरेको छ। समानीकरण अनुदानबाट सवारी साधन खरिद गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

५३ **नाफामूलक संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन। यो वर्ष नाफामूलक संस्थालाई भवन निर्माणका लागि अनुदान दिएको नियमसम्मत देखिएन। यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ ।

| क्र सं | अनुदान प्राप्त गर्ने संस्था | अनुदान व्यहोरा | अनुदान रु. |
|---|---|---|---|
| १ | श्री कमल महिला विकास बचत तथा ऋण सहकारी संस्था | भवन निर्माण | १३,८०,००० |

५४ **पूर्वनिर्धारित क्षतीपूर्ती**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायी वा सप्लायर्सले संझौता बमोजिमको काम सम्झौता अवधिमा सम्पन्न हुन नसकेमा सार्वजनिक निकायरलाई प्रति दिन शुन्य दशमलव शुन्य पाँचप्रतिशतका दरले पुर्व निर्धारित क्षति पुर्ति तिर्नुपर्ने व्यवस्था छ।पालिकाबाट लागत अनुमान रु.१५,०४,९९३ भएको स्टिल पार्ट खरिद कार्य मिति २०७९।१।३० मासम्पन्न गर्ने

गरि रु.१४,९९,५५५। मिति २०७८। ९।६ मा न्यू भेरि इन्जिनियरिङ्ग वर्कसप सँग सम्झौता गरेको पाइयो।अन्तिम विल भौ.२-०८०।६। १ बाट रु.२२६५५६। भुक्तानी हुँदा सप्लायर्सलाई रु.१४,९९,५५६।भुक्तानी भएको छ।योजनाको अवधिथप गरेको पाइएन। अतः संझौता अवधिभन्दा १२० दिन ढिला गरि कार्य सम्पन्न गरेकाले संझौता रकम मु. अ. कर बाहेक रू.१३,२७,०४०। को ०.०५% ले १२० दिनको रु.७९,६२२ असुल गरि बेरुजु खाता दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७९,६२२ |

५५ **प्रतिष्ठानको जग्गा खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा स्थानीय तहले नेपाल सरकारले निर्धारण गरे बमोजिम आय र व्ययको वर्गीकरण र खर्च शीर्षक सम्बन्धी व्यवस्था गरेको र दफा ७३(७) मा कार्य पालिकाले सभाबाट स्वीकृत सीमा र खर्च शीर्षक बाहिर गई बजेट खर्च गर्न नमिल्ने उल्लेख छ । पालिकाले यस वर्ष मदन आश्रित स्मृति प्रातिष्ठान, डुङ्गेश्वरको संरचना निर्माणको लागि रु.१० लाख विनियोजन गरेकोमा प्रतिष्ठानलाई जग्गा खरिद गरेको उल्लेख गरी रु.८ लाख भुक्तानी दिएको छ। संघसस्था, सहकारी, प्रतिष्ठान आदिको लागि सिधै जग्गा खरिद गरी सरकारी कोषबाट भुक्तानी दिनु मिल्ने देखिन्दैन। कानून तथा बजेटमा व्यवस्था नगरी प्रतिष्ठानको नाममा जग्गा खरिद गरी भुक्तानी दिएको रकम असुलउपर गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,००,००० |

५६ **लागत अनुमान**

सार्वजनिक खरिद ऐन, २०६४ को दफा ५ मा खरिद कार्यको एक लाख भन्दा माथिको खरिदमा लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार खरिदमा लागत अनुमान तयार गर्नु पर्नेमा तायर नगरी खरिद गरेको पाइयो।अतः लागत अनुमान तयार गरि खरिद गर्नु पर्दछ।

| क्र सं | भौ मिति | विवरण | सामान | भुक्तानी रकम |
|---|---|---|---|---|
| 1 | 7, १०, १३, १५-080/12/20-3/18 | क्वालिटी भेट सेन्टर | भेटनरी औषधि खरिद | ७,४७,५६५ |
| 2 | 3-080/7/19 | नवरत्न भेट सेन्टर | भेटनरी औषधि खरिद | 2,00,000 |
| 3 | 2-081/1/20 | क्वालिटी भेट सेन्टर | भेटनरी औषधि खरिद | 2,50,000 |

५७ **वीमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पुर्ण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ। निम्न योजनामा विमा गराएकोमा हुनु पर्ने भन्दा बढी भुक्तानी दिएको पाइएकाले बढी भुक्तानी सम्वन्धितसँग असुल गर्नुपर्ने रु.

| निर्माण कार्य | निर्माण व्यवसायी | विमा भुक्तानी रकम | विल पेशरकम | बढी भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| ने रा आ वि पाङ्गोट ६ कोठे भवन निर्माण | न्यू कालिका कन्ष्ट्रक्सन | 21214 | 15,214 | 6,000 | कम विल पेश |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,००० |

५८ **पूर्वनिर्धारित क्षतीपूर्ती**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायी वा सप्लायर्सले संझौता बमोजिमको काम सम्झौता अवधिमा सम्पन्न हुन नसकेमा सार्वजनिक निकायरलाई प्रति दिन शुन्य दशमलव शुन्य पाँच प्रतिशतका दरले पुर्व निर्धारित क्षति पुर्ति तिर्नुपर्ने व्यवस्था छ।पालिकाबाट लागत अनुमान रु.१५,०४,९९३ भएको स्टिल पार्ट खरिद कार्य मिति २०७९।१।३० मासम्पन्न गर्ने गरि रु.१४,९९,५५५। मिति २०७८। ९।६ मा न्यू भेरि इन्जिनियरिङ्ग वर्कसप सँग सम्झौता गरेको पाइयो।अन्तिम विल भौ.२-०८०।६। १ बाट रु.२,२६,५५६। भुक्तानी हुँदा सप्लायर्सलाई रु.१४,९९,५५६।भुक्तानी भएको छ। योजनाको अवधिथप गरेको पाइएन। अतः

संझौता अवधि भन्दा १२० दिन ढिला गरि कार्य सम्पन्न गरेकाले संझौता रकम मु अ कर बाहेक रू.१३,२७,०४०। को ०.०५% ले १२० दिनको रु.७९,६२२।असुल गरि बेरुजु खाता दाखिला गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७९,६२२ |

५९ **घेराबार निर्माण**

पालिकाको प्रशासकीय भवनको घराबार निर्माण कार्यको लागि रेशिमा कन्स्ट्रक्सनसँग मिति २०८१।१।३१ मा कार्य सम्पन्न गर्ने गरी रु.९०,८१,९६२।०(मूल्य अभिवृद्धि करसहित) मा मिति २०८०।६।२२ मा सम्झता भइ कार्य सम्पन्न भएकोमा देखिएको व्यहोरा देहायबमोजिम छन्:

५९.१ **भेरिएशनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ वमोजिम खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई भेरिएसन आदेश जारी गर्नुपर्ने भएमा ऐनको दफा ५४ मा तोकिएका पदाधिकारीले भेरीएसन स्वीकृत गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रशासकीय भवनको घेराबार निर्माण कार्य निर्माणको लागि रेशिमा कन्स्ट्रक्सनसँग रु. ९०,८१,९६२। मा संझौता गरी विभिन्न आइटमहरुमा रु.११,६१,११६। रकमको निर्माण कार्य थप गरी भेरिएशन आदेश जारी गरेको छ। कानूनमा उल्लेख गरेक बमोजिमको पूर्वानुमान गर्न सकिने अवस्थामा समेत भेरिएशन गरेको नियमसम्मत देखिएन। निर्माण कार्यको लागत अनुमान तयरी गर्दाको अवस्थामानै पालिकाले निर्माणमाको लागत अनुमानमा ध्यान दिनुपर्दछ।

| कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | कार्य सम्पन्न भएको मिति | लागत अनुमान रकम | सुरु सम्झौता रकम | भेरिएशन रकम | हाल सम्म भुक्तानी रकम | भरिएशन प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| पालिकाको प्रशासकीय भवनको घराबार निर्माण | रेशिमा कन्स्ट्रक्सन | २०८१।१। ३१ | १,४८,१९,१५८ | ९०,८१,९६२ | ११,६१,११६ | १,०२,००,६२८ | १२.७८ | |

५९.२ **बढी भुक्तानी**–सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वनिक निकायले निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले प्रशासकीय भवन घेराबारको प्राविधिक विलमा १,०१,५८,९३७। निर्माण कार्य भएको देखिएकोमा पालिकाले पहिलो रनिङ विल बापत रु.५५,७९,२१०। र दोस्रो तथा अन्तिम विलमा रु.४६,२१,४१८। समेत रु.१,०२,००,६२८। भुक्तानी दिएको छ । प्राविधिक विल भन्दा बढी भुक्तानी दिएको रकम असुल उपर गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,६९१ |

६० **रकचना खानेपानी योजना**

रकचना खानेपानी योजना रु.४७९७५४१.१३ मिति २०८१।१।३१ सम्म सम्पन्न गर्ने गरी कर्णाली इन्फ्रास्टक्चर डेभलेपमेन्ट सर्भिस प्रा लि संग मिति २०८०।७।१४ मा संझौता भएको थियो। यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्।

६०.१ निर्माण कार्यको विमा गराउँदा निर्माण कार्यमा संलग्न कामदार कर्मचारीको सम्झौता अवधिको तथा निर्माण कार्यको संझौता अवधि तथा थप १२ महिनाको समेत गराउनु पर्नेमा रु.२२,०५०.६५भुक्तानी गरि निर्माण कार्यको संझौता अवधिको मात्र विमा गरेको पाइयो। अतः निर्माण व्यवसायीले विमा गराउँदा सार्वजनिक खरिद नियमावलीको व्यवस्था अनुसार गरिनु पर्दछ।

६०.२ पि एस भुक्तानीः पालिकाले निर्माण कार्यको पि एस् आइटमको विल पेशको आधारमा भुक्तानी गर्नु पर्नेमा यस निर्माण कार्यमा रु.५३,५५५। को विल पेश भएको अवस्थामा रु.१,६६,९९३। भुक्तानी गरेकाले विल भन्दा बढी भुक्तानी गरेको रु.१,१३,४३८। विल पेश गर्ने अन्यथा असुल गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१३,४३८ |

६०.३ भेरिएसन आदेशः सार्वजनिक खरिद नियमावलिको नियम ११७ (१) मा खरिद संझौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भइ ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्नु पर्ने व्यवस्था छ। साथै उपनियम ५ मा उपनियम १ बमोजिमको भेरिएसन आदेश जारी गर्दा विशेषज्ञहरुको समूह मार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिसको आधारमा जारि गर्नु पर्ने व्यवस्था छ। निर्माण व्यवसायीले काम गर्ने क्रममा थप काम गर्नु पुर्व भेरिएस आदेश स्विकृत गराएर काम गर्नुपर्ने तथा पालिकाले भेरिएसन आदेश स्विकृत पश्चात थप आइटमको भुक्तानी गर्नु पर्नेमा रु.१६५९५६। पाइप तथा फिटिङ्गको भेरिएसन आदेश वेगर भुक्तानी गरेको पाइयो।अतः भेरिएसन आदेश स्विकृत गरी पेश गर्ने अन्यथा असुल गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६५,९५६ |

## ६१ वडा नं.३ कार्यालय भवन

पालिकाले मिति २०७९।९।५ मा रु.५९,००,३५२।० मूल्य अभिवृद्धि कर तथा पिएस सहित मिति २०८०।३।१५ मा कार्य सम्पन्न गर्ने गरी रोहित कन्स्ट्रक्सनसँग सम्झौता भएकोमा देखिएको व्यहोरा देहायबमोजिम रहेका छन्:

६१.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा विल भरपाई सहित लेखा राख्नु पर्ने उल्लेख छ । तर पालिकाले पिएस आइटमको अन्तिम रनिङ विलमा भक्तानी गर्दा रु.२८,०००। को विल भरपाई पेस गरेको छैन। उक्त विल भरपाइ पेश नभएको रकम सम्बन्धित निर्माण व्यवसायीबाट विल भरपाइ पेस हुनुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २८,००० |

६१.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ । पालिकाले वडा नं. ३ कार्यालय भवन निर्माण कार्यको वास्तविक कार्यसम्पन्न तथा अन्तिम विलमा रु. ५७,३५,६९६।०० को कार्य भएको देखिन्छ । तर पालिकाले भुक्तानी दिदाँ देहाय बमोजिम रु.७१,७३,२६४।० भुक्तानी दिएकोले बास्तविक कार्य भन्दा रु.१४,३७,५६८।–अर्थात मूल्य अभिवृद्धि कर बाहेक रु.१२,७२,१८४।० बढी भुक्तानी दिएको सम्बन्धमा पालिकाले निर्माण व्यवसायी रोहित कन्स्ट्रक्सनबाट लेखापरीक्षणको क्रममा रु.१२,००,०००।० असुल गरी स्थानीय संचित कोष दाखिला गरेको र बाँकी रु.७२,१८४।० बढी भुक्तानी भएको छ । उक्त बढी भुक्तानी असुल गर्नुपर्ने रु.

| भौचर नं. | आर्थिक वर्ष | स्रोत | रकम |
|---|---|---|---|
| १६३-२०८०।२।१८ | २०७९।८० | गाउँपालिका | १७,२५,८५६ |
| ४४-२०८०।२।१८ | २०७९।८० | संघीय सशर्त | १,००,००० |
| ४३-२०८०।२।१८ | २०७९।८० | संघीय सशर्त | १६,२५,५८६ |
| ५८-२०८०।३।२३ | २०७९।८० | संघीय सशर्त | ७,४६,४४९ |
| २-२०८०।६।९ | २०८०।८१ | गाउँपालिका | ७,०९,१२६ |
| १७४-२०८१।१।२२ | २०८०।८१ | गाउँपालिका | २२,६६,२४७ |
| जम्मा भुक्तानी | | | ७१,७३,२६४ |
| प्राविधिक विल अनुसारको कार्य | | | ५७,३५,६९६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७२,१८४ |

## ६२ मूल्यअभि वृद्धि कर भुक्तानी

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ अनुसार ३० प्रतिशत मूल्य अभिवृद्धिकर भुक्तानी गर्ने कार्यालयले सम्वन्धित कर दाताको खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ।कार्यालयले देहायअनुसारको फर्महरुलाई मूल्य अभिवृद्धि कर कट्टा नगरी भुक्तानी गरेकोले सो

रकमको कर समयोजन पेश हुनुपर्ने रु.

| भौचर नं. | आपूर्ति कर्ता | विजक नं. | भुक्तानी रकम | मूल्य अभिवृद्धि कर रकम |
|---|---|---|---|---|
| १६९-२०८१।१।२१ | शर्मा कन्स्ट्रक्सन | ०१-२०८०।१२।०६ | ८,३०,५६२ | ९५,५९१ |
| १६६-२०८१।१।२० | आर.पि. कन्स्ट्रक्सन | ०१-२०८०।१०।२५ | ४,१४,९७३ | ४७,७४० |
| २९४-२०८१।३।१८ | थापा ट्रेडर्स एण्ड सप्लायर्स | ५०-२०८१।१।२५ | ३,८४,९४० | ४४,२८५ |
| २७२-२०८१।३।१८ | लक्ष्मी निर्माण सेवा | ०१३-२०८१।३।१४ | ६,२६,२६८ | ७२,०४८ |
| २६८-२०८१।३।१८ | केसि एण्ड नविना कन्स्ट्रक्सन | ०६-२०८१।३।१२ | ५,६२,५५८ | ६४,६१९ |
| ४३५-२०८०।३।२३ | एम.पि.एस. मेनेजमेन्ट एण्ड रिसर्च सेन्टर कन्सल्टिङ | ०४-२०८१।२।२९ | ७,५४,४२० | ९१,८२५ |
| जम्मा | | | | ४,१६,१०५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,१६,१०५ |

६३ **भू-उपयोग वर्गीकरण योजना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६९ मा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्दा परामर्श दाताले गर्नुपर्ने कामको पृष्ठभुमी, उद्धेश्य, कार्यक्षेत्र र सम्पादन गर्ने काम लगायतका कार्यक्षेत्रगत शर्त तयार गरेरमात्र सेवा खरिद गर्नु पर्नेव्यवस्था छ ।पालिकामा रहेको जग्गा जमिनको उपयोग गर्ने गराउने प्रयोजनका लागि नीतितय गर्न परामर्श सेवा खरिदका लागि एस.पि.एस. मेनेजमेन्ट एण्ड रिसर्च कन्सल्टिङ प्रा.लिसँग रु.७,५४,४२०।० मा सम्झौता गरी भू-उपयोग नीति तयार परेकोमा उक्त नीति व्यापारिक, आवासीय, उद्योग धन्दा गर्ने स्थान, मनोरञ्जन स्थल लगायतस्थान विशेष कामका लागि क्षेत्र निर्धारण गर्ने स्पष्ट कार्यस्थल तथा विकास योजना समावेश गरेको देखिएन। स्पष्ट कार्यक्षेत्र शर्त तयार नगरी बिशेषज्ञताका आधारमा उक्त नीति तयार नभएबाट सो खर्चको उपयोगिता हुने अवस्था छैन। उक्त नीति पालिकाले अनुमोदन तथा त्यसमा समावेश भएका सुभावहरु कार्यान्वयन गर्नका लागि प्रयास भएको छैन। पालिकाबाट खर्च गरी निर्माण गरेको नीति कार्यान्वियन गर्नुपर्दछ।

६४ **भ्रमण खर्च:**

पालिकाले यस वर्ष दैनिक भ्रमण भत्तामा रु ८ लाख ५८ हजार खर्च गरेको छ । कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .

• अधिकांश भ्रमणको उद्धेश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित कर्मचारीहरुलाई खर्च भुक्तानी गर्ने गरेको ।

• भ्रमण आदेशहरु दर्ता हुने गरेको देखिएन ।

• सात दिनभन्दा बढी अवधिको भ्रमणमा स्पष्ट कारण नखुलाई र म्याद थपसमेत नगरी भुक्तानी गर्ने गरेको ।

• स्पष्ट प्रयोजन बेगर कर्मचारी पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

६५ **पदाधिकारी भ्रमण** (८६-२०८०-६-९):

कर्णाली प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७७ को दफा १२ मा पदाधिकारी तथा सदस्यहरुले अनुसूची-२ बमोजिमको दरमा नबढ्ने गरी दैनिक भ्रमण भत्ता पाउने व्यवस्था छ भने द्रष्टव्यमा सरकारी कामकाजको लागि जिल्ला बाहिर भ्रमण गरेको अवस्थामा मात्र यस अनुसूची बमोजिमको दैनिक भ्रमण भत्ता उपलब्ध हुने उल्लेख छ। तर पालिकाले गोश्वारा भौचर नम्बर ८६ मिति २०८०।६।९ र १५२ मिति २०८०।६।२१ बाट देहायबमोजिम पदाधिकारीहरुलाई जिल्लाभित्रै भ्रमण गर्दासमेत दैनिक भ्रमण भत्ता भुक्तानी गरेको छ।तसर्थ ऐनको व्यवस्था विपरित दैनिक भ्रमण भत्ता भुक्तानी गरेको रु.10,950। सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| **क्र.सं.** | **भुक्तानी लिनेको नाम** | **पद** | **भ्रमण गएको स्थान** | **रकम** |
|---|---|---|---|---|
| १ | चन्द्रा विक | कार्यपालिका सदस्य | दैलेख बजार | ५,४७५ |
| २ | रुपा विक | वडा सदस्य | दैलेख बजार | ५,४७५ |
| **जम्मा** | | | | **१०,९५०** |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **७,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,९५० |

६६ **खर्च पुष्ट्याईको प्रमाणः**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **३०,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६७ **भाडामा दिएको/लिएको सम्पत्ति अभिलेख किताब :**

भाडामा प्रयोग भएका सामानहरुको आय व्ययको नियन्त्रण र अभिलेख राख्न मलेप फारम नं ४१६ को ढाँचामा अभिलेख किताब राख्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न प्रयोजनको लागि घर भाडा तथा गाडी भाडा बापत रु. ६ लाख ८१ हजार खर्च गरेको छ। पालिकाले सम्पत्ति अभिलेख किताब नराखेकोले भाडामा भएको खर्च रकम नियन्त्रण भएको देखिएन। साथै कार्यालयले स्पष्ट प्रयोजन खुलाएर भाडा सम्झौता गरी स्वीकृत मलेप फारम प्रयोग गरी भाडामा लिएको खर्चको नियन्त्रण तथा अभिलेख राख्नुपर्दछ।

६८ **बढी भुक्तानी:** (१६४-२०८०-६-२३):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले गोश्वारा भौचर नम्बर १६४ मिति २०८०।६।२३ बाट संगिता लामिछानेलाई भुक्तानी गर्दा विलभर्पाई अनुसार रु.६८,९६३ हुनुपर्नेमा रु.७०,५०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.१,५३७ सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५३७ |

६९ **पूँजीगत शीर्षकबाट चालू शीर्षकमा रकमान्तर -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधीनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने उल्लेख छ। पालिकाले यस वर्ष रु.८६ लाख ५० हजार विभिन्न शीर्षकको बजेट रकमान्तर गरेको छ। पूँजीगत शीर्षकबाट चालू शीर्षकमा रकमान्तर गर्न मिल्ने व्यवस्था देखिदैन। तर पालिकाले देहाय बमोजिम पूँजीगत शीर्षकबाट चालु शीर्षकमा रकमान्तर गरेको खर्च अनियमित देखिएको रु.

| सुरु बजेट तथा कार्यक्रम | | संसोधित कार्यक्रम | |
|---|---|---|---|
| योजनाको नाम | रकम | योजनाको नाम | रकम |
| विजयकोट चौतारो निर्माण | २,००,००० | वडा कार्यालयमा सामाग्री खरिद | २,००,००० |
| वडा भित्रको विकास निर्माणको लागि साझेदारी बजेट | १,००,००० | आत्मनिर्भर क्लवको खेलकुद कार्यक्रम संचालन तथा व्यवस्थापन | १,००,००० |
| जम्मा | | | ३,००,००० |

| | |
|---|---|
| अनियमित भएको | ३,००,००० |

७० **फरक खर्च शिर्षक :**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७२(२) मा गाउँपालिका तथा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने र दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सिमा र शिर्षक वाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । तर पालिकाले नियमानुसार खर्च भुक्तानी गर्दा फरक खर्च शिर्षकबाट भुक्तानी गरेको पाइयो। रकम भुक्तानी गर्नु अधि रकमान्तर समेत नगराइ देहाय अनुसार फरक खर्च शिर्षकबाट भुक्तानी भएको अनियमित रु.

| **गोभौनं।मिति** | **विवरण** | **खर्च लेखेको शिर्षक** | **खर्च लेख्नुपर्ने शिर्षक** | **रकम** |
|---|---|---|---|---|
| ८३।०८०।६।९ | कर्मचारीहरुलाई बैठक भत्ता भुक्तानी | विविध खर्च | बैठक भत्ता | १,३८,००० |
| २०५।०८०।७।१ | भ्रमण खर्च भुक्तानी | मसलन्द तथा कार्यालय सामाग्री | भ्रमण खर्च | २४,७४० |
| २९८।०८०।७।२३ | खाजा नास्ताको भुक्तानी | | विविध खर्च | ४७,०४० |
| ३१४।०८०।८।२० | बैठक भत्ता भुक्तानी | | बैठक भत्ता | ८७,९३५ |
| ३२६।०८०।८।२१ | बैठक भत्ता भुक्तानी | | बैठक भत्ता | ८५,५०० |
| ३२८।०८०।८।२१ | इन्धन खर्च भुक्तानी | | इन्धन खर्च | ४०,००० |
| ३३३।०८०।८।२१ | बैठक भत्ता भुक्तानी | विविध खर्च | बैठक भत्ता | १,१७,५८० |
| ३४७।०८०।९।२ | | मसलन्द तथा कार्यालय सामाग्री | | ९०,००० |
| ३४८।०८०।९।२ | | | | १,०८,००० |
| ५६४।०८०।११।१५ | | | | ८१,००० |
| ६४९।०८०।१२।२० | | | | १,०८,००० |
| ९५४।०८१।३।१७ | | | | १,०२,०२२ |
| ९३८।०८१।३।१७ | खाजा नास्ताको भुक्तानी | | विविध | ४५,०९० |
| **जम्मा** | | | | **१०,४७,९०७** |

| | |
|---|---|
| अनियमित भएको | १०,४७,९०७ |

७१ **रिटेन्सन मनि फिर्ता:**

सार्वजनिक खरिद नियमावलि २०६४ को नियम १२४ (२) मा खरिद सम्झौता वमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले कार्य स्विकार गरेपछी कट्टा गरेको रिटेन्सन मनि सम्बन्धित आपुर्तिकर्ता, निर्माण व्यबसायी वा सेवा प्रदायकले सम्वन्धित आन्तरीक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष देहाय वमोजिम रिटेन्सन मनि वापत कट्टा भएको रकम सम्वन्धितलाई आन्तरीक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात नलिइ विगत वर्षको कर चुक्ता पत्रको आधारमा फिर्ता दिएकोले सम्वन्धित आन्तरीक राजश्व कार्यालयमा कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं.।मिति | आपूर्तिकर्ता | रिटेन्सन मनि |
|---|---|---|
| २३।२०८१-३-५ | श्री भगवतीमाई कन्स्ट्रक्सन | ७१,००० |
| ९।२०८०-६-५ | तुलसी ट्रेडिङ्गकन्सर्न | ३५,००० |
| **जम्मा** | | **१,०६,०००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०६,००० |

७२ **नाफामूलक संस्थालाई अनुदान –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन। यो वर्ष देहायअनुसारका नाफामूलक संस्थालाई पूर्वाधार निर्माण, कार्यालय व्यवस्थापन लगायतमा अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

| क्र सं | अनुदान प्राप्त गर्ने संस्था | अनुदान व्यहोरा | अनुदान रु. |
|---|---|---|---|
| १ | मल्ल बहुउद्धेश्यीय कृषि तथा पशुपंक्षी फर्म | नर्सरी निर्माण | १,६६,८६३ |
| २ | वेलपाटा कृषि सहकारी संस्था लिमिटेड | हाते ट्याक्टर खरिद | २,००,००० |
| | जम्मा | | ३,६६,८६३ |

| | |
|---|---|
| अनियमित भएको | ३,६६,८६३ |

७३ **अतिरिक्त कक्षा संचालन –**

आय कर ऐन, २०५८ को दफा ८७ मा पारिश्रमिक कर कट्टा गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायको विद्यालयलाई कक्षा १० को अतिरिक्त कक्षा संचालनको लागि रकम रु.२७००००। भुक्तानी गर्दा रु.३३७५०। पारिश्रमिक कर कट्टा गर्नु पर्नेमा गरेको नपाइएकाले दाखिला गर्नु पर्ने रु.

| क्र.सं. | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | पारिश्रमिक रकम |
|---|---|---|---|
| १ | श्री जनकल्याण माघ्यामिक विधालय,सेर्माकोट | ४५,००० | ६,७५० |
| २ | श्री त्रिवेणी संगम प्रा.वि. | ४५,००० | ६,७५० |
| ३ | श्री नेपाल राष्टिय माध्यामिकविधालय, हनेटा | ४५,००० | ६,७५० |
| ४ | श्री पिपल चौतारा माध्यमिकबिद्यालय | ४५,००० | ६,७५० |
| ५ | श्री सरस्वति मा वि डुङ्गेश्वर ६ | ४५,००० | ६,७५० |
| | जम्मा | २,७०,००० | ३३,७५० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **६,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,७५० |

७४ **फिल्ड भत्ता** –

नेपालको संविधानको धारा २२७ मा स्थानीय गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय व्यवस्थापन सम्बन्धी प्रदेश कानून बमोजिम हुने र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ मा स्थानीय तहमा स्थानीय सेवाको गठन, संचालन, सेवा, शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने उल्लेख छ। यस वर्ष सम्म कर्णाली प्रदेशमा स्थानीय तहको कर्मचारीको सेवा, शर्त तथा सुविधा सम्बन्धी कानुन बनेर लागु भएको अवस्था छैन। पालिकालेले प्राविधिक कर्मचारीको फिल्डभत्ता सम्बन्धी कार्यविधि तयार नगरी मासिक अधिकृतस्तरको रु.१०,०००।० , सहायकस्तर पाँचौको रु.८,०००।० र सहायकस्तर चौथो तहको रु.६,०००।० का दरले यस वर्ष रु. ६,४८,०००।० भुक्तानी दिएको छ। प्रदेश सरकारले कर्मचारीको सेवासुविधा सम्बन्धी कानुनसमेत नबनाएको अवस्थामा पालिकाले भुक्तानी गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,४८,००० |

७५ **प्रशिक्षक भत्ता:**

अर्थमन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७.१.१५ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका श्रोत व्यक्ति/प्रशिक्षकको पारिश्रमिक गाउँपालिकास्तरको अधिकृतस्तरको तालिममा कार्यपत्रबापत रु. १००० र कक्षा सञ्चालनबापत रु. ४०० खर्च लेख्न सकिने व्यवस्था छ भने सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था छ। तर नमुना परीक्षणका रुपमा पालिकाको श्रेस्ता परीक्षण गर्दा पालिकाले देहायबमोजिम विभिन्न तालिम सञ्चालन गर्दा प्रशिक्षक भत्तामा बढी खर्च लेखेको पाइयो । तसर्थ निर्देशिकाको मापदण्डभन्दा प्रशिक्षक भत्तामा बढी खर्च गरेकोले रु.२७,७९५ सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| क्र.सं. | भुक्तानीलिनेकोनाम | प्रयोजन | सेसन | भुक्तानीहुनुपर्ने | भुक्तानीभएको | बढी भुक्तानी (करकट्टिपछिको) |
|---|---|---|---|---|---|---|
| गोश्वारा भौचर ५३५।०८०।१०।२४स्थानीय आर्थिक विकास मूल्याङ्कन सम्बन्धी १ दिने तालिम | | | | | | |
| १ | प्रेम बहादुर डि सी | आन्तरिक प्रशिक्षक | २ | २,००० | ३,२०० | १,०२० |
| २ | नन्दराज रेग्मी | | २ | २,००० | ३,२०० | १,०२० |
| गोश्वारा भौचर ५११।०८०।१०।२१स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन सम्बन्धी १ दिने तालिम | | | | | | |
| १ | प्रेम बहादुर डि सी | आन्तरिक प्रशिक्षक | २ | २,००० | ३,२०० | १,०२० |
| २ | नन्दराज रेग्मी | | २ | २,००० | ३,२०० | १,०२० |
| गोश्वाराभौचर७३३।०८१।१।२७स्थानीय सरकार सञ्चालन तथा व्यवस्थापकिय आयाम विषयक १ दिने तालिम | | | | | | |
| १ | कृष्णहरी बास्कोटा | बाह्य प्रशिक्षक | २ | २,८०० | २०,००० | १४,६२० |
| २ | मदन भण्डारी | | २ | २,८०० | ८,००० | ४,४२० |
| गोश्वाराभौचर ६२६।०८०।१२।१९ मेलमिलापकर्ता र सरोकारवालालाई १ दिने तालिम | | | | | | |
| १ | बलराम लम्साल | बाह्य प्रशिक्षक | १ | १,४०० | २,५०० | ९३५ |
| २ | बद्रि प्रसाद लामिछाने | | १ | १,४०० | २,५०० | ९३५ |
| ३ | किशोर लम्साल | | १ | १,४०० | २,५०० | ९३५ |
| ४ | खिमराज भुसाल | | १ | १,४०० | २,५०० | ९३५ |
| ५ | ललित बहादुर मल्ल | | १ | २,५०० | २,५०० | ९३५ |
| **जम्मा** | | | | | | **२७,७९५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,७९५ |

७६ **कार्य सम्पन्न प्रतिवेदन पेस नभएको** –

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ।पालिकाले धारीटोल खानेपानी मर्मत उपभोक्ता समितिलाई शुभश्री सप्लायर्सबाट निर्माण सम्बन्धी सामाग्री खरिद गरेको विल तथा कर विजक पेश गरी रु.१,४१,३४८। भुक्तानी दिएको छ। उक्त सामाग्री प्रयोग भएको प्राविधिक विल तथा कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छैन ।पालिकाले उक्त खरिद गरेको सामाग्री प्रयोग भएको नापजाँच गरी कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४१,३४८ |

७७ **बढी ग्रेड भुक्तानी:**

निजामति सेवा ऐन, २०४९ को दफा ७ ख (२) मा जिल्लास्थित कार्यालयका निजामति कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पास नगराई तलब खुवाउन नहुने उल्लेख छ ।तर पालिकाले कोष तथा लेखा नियन्त्रक कार्यालयले पारित गरेको २०८०।८१ को तलबी प्रतिवेदनमा उल्लेख गरेको नियमित पाउने ग्रेड भन्दा बढी ग्रेड रकम देहाय बमोजिम कर्मचारीलाई भुक्तानी गरेको पाइयो। तसर्थ ग्रेड रकम बढि भुक्तानी भएकोले सम्बन्धितबाट असुल गर्नु पर्ने रु.

| क्र.सं. | कर्मचारीको नाम | तलवीप्रतिवेदन अनुसार पाउने ग्रेड | लिएको ग्रेड | बढी ग्रेड | ग्रेड दर | १०% क.सं.कोष | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| १ | गगन बहादुर थापा | ९२ | १०५ | १३ | ११५८ | १३८९ | १६,४४३ |
| २ | प्रेम महत | ८ | ९ | १ | ११५८ | ११५ | १,२७३ |
| **जम्मा** | | | | | | | १७,७१६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,७१६ |

७८ **बढी तलब भुक्तानी:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ साथै निजामति सेवा ऐन, २०४९ को दफा ७ ख (२) मा जिल्लास्थित कार्यालयका निजामति कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पास नगराई तलब खुवाउन नहुने उल्लेख छ ।तर पालिकाले कोष तथा लेखा नियन्त्रक कार्यालयले पारित गरेको २०८०।८१ को तलबी प्रतिवेदनमा उल्लेख गरेको नियमित पाउने तलब तथा ग्रेड भन्दा बढी तलब तथा ग्रेड रकम रु.६,७६९ देहाय बमोजिम प्रेम बहादुर डिसीलाई भुक्तानी गरेको पाइयो। तसर्थ तलब र ग्रेड रकम बढि भुक्तानी भएकोले सम्बन्धितबाट असुल गर्नु पर्ने रु.

| क्र.सं. | कर्मचारीको नाम | महिना | बढी भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | प्रेम बहादुर डिसि | असोज कार्तिक र चाडपर्व | ६,७६९ | १०% क.सं.कोष समेत |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,७६९ |

७९ **लेखा समिति :**

कर्णाली प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७७ को दफा ११ मा विधायन समिति, लेखा समिति र सुशासन समितिका सदस्यले बढीमा वार्षिक बाह्रवटा बैठकको लागि प्रति बैठक पाँचसय रुपैयाँका दरले समिति भत्ता पाउने व्यवस्था छ। तर पालिकाले गोश्वारा भौचर नम्बर ५३२।०८०।१०।२३ र ८३४।०८१।३।७ बाट लेखा समितिको बैठकमा रु.१,५०० का दरले भत्ता प्रदान गरेकोले ऐनले तोकेको भन्दा बढी दरमा भत्ता भुक्तानी भएको रु.४९,३०० सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| क्र.स. | भुक्तानी लिनेको नाम | बैठक संख्या | पाउने दर | लिएकोदर | बढीदर | जम्मा रकम | करकट्टीपछिको रकम |
|---|---|---|---|---|---|---|---|
| १ | कलावतीन्यौपाने | ६ | ५०० | १,५०० | १,००० | ६,००० | ५,१०० |
| २ | मणिरामखराल | ४ | ५०० | १,५०० | १,००० | ४,००० | ३,४०० |
| ३ | प्रेमबहादुर डिसी | २ | ५०० | १,५०० | १,००० | २,००० | १,७०० |
| ४ | कृष्णबहादुर खत्री | ६ | ५०० | १,५०० | १,००० | ६,००० | ५,१०० |
| ५ | टंक बहादुरकार्की | ६ | ५०० | १,५०० | १,००० | ६,००० | ५,१०० |
| ६ | संचिता विक | ६ | ५०० | १,५०० | १,००० | ६,००० | ५,१०० |
| ७ | पदमलालजैसी | ६ | ५०० | १,५०० | १,००० | ६,००० | ५,१०० |
| ८ | देवेन्द्रखड्का | २ | ५०० | १,५०० | १,००० | २,००० | १,७०० |
| ९ | नन्दराजरेग्मी | ६ | ५०० | १,५०० | १,००० | ६,००० | ५,१०० |
| १० | विष्णुप्रसाद शर्मा | ६ | ५०० | १,५०० | १,००० | ६,००० | ५,१०० |
| ११ | दिप प्रसादज्ञवाली | २ | ५०० | १,५०० | १,००० | २,००० | १,७०० |
| १२ | मोहन कुमारबस्नेत | २ | ५०० | १,५०० | १,००० | २,००० | १,७०० |
| १३ | टिकारामपोखरेल | ४ | ५०० | १,५०० | १,००० | ४,००० | ३,४०० |
| | जम्मा | | | | १३,००० | ५८,००० | ४९,३०० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४९,३०० |

८० **अनुगमन भत्ता :** (५८-२०८१-३-८):

कर्णाली प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७७ को दफा ७ मा पदाधिकारीलाई आफ्नो क्षेत्रभित्र विकास आयोजना र कार्यक्रमको अनुगमनका लागि अनुसूची १ मा तोकिए बमोजिमको अनुगमन खर्च उपलब्ध हुने व्यवस्था छ भने कर्मचारीहरुलाई अनुगमन भत्ता प्रदान गर्ने कुनै कानूनी व्यवस्था छैन।पालिकाले गोश्वरा भौचर नम्वर ५८।०८१।३।८ बाट योजनाहरुको अनुगमन गरेको भनि देहायबमोजिम कर्मचारीहरुलाई भत्ता भुक्तानी गरेको पाइयो । अनुगमन समितिले मासिक रुपमा अनुगमन भत्ता लिएको अवस्थामा पून पदाधिकारीहरुलाई अनुगमन भत्ता भुक्तानी भएकोले दोहोरो भएको एवं कर्मचारीहरुलाई अनुगमनवापत भत्ता भुक्तानी गर्ने आधार नदेखिएकोले अनुगमनवापत भुक्तानी भएको करकट्टिपछिको रकम रु.१,४५,३५० सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| क्र.सं. | भुक्तानीलिनेको नाम | पद | संख्या | दर | जम्मा | करकट्टीपछिको रकम |
|---|---|---|---|---|---|---|
| १ | कलावतीन्यौपाने | उपाध्यक्ष | १० | १,५०० | १५,००० | १२,७५० |
| २ | मणिरामखराल | प्रप्रअ | ४ | १,५०० | ६,००० | ५,१०० |
| ३ | पर्वलालशर्मा | वडाध्यक्ष | १० | १,५०० | १५,००० | १२,७५० |
| ४ | कृष्णबहादुर खत्री | वडाध्यक्ष | १ | १,५०० | १,५०० | १,२७५ |
| ५ | श्यामबहादुर राना | वडाध्यक्ष | १ | १,५०० | १,५०० | १,२७५ |
| ६ | यम बहादुरविष्ट | वडाध्यक्ष | १ | १,५०० | १,५०० | १,२७५ |
| ७ | मान बहादुरथापामगर | वडाध्यक्ष | १ | १,५०० | १,५०० | १,२७५ |
| ८ | प्रमिलावि.क. | कापा सदस्य | १० | १,५०० | १५,००० | १२,७५० |
| ९ | देवेन्द्रखड्का | योजनाअधिकृत | १० | १,५०० | १५,००० | १२,७५० |
| १० | टंक बहादुरकार्की | लेखाअधिकृत | १० | १,५०० | १५,००० | १२,७५० |
| ११ | विभुषणकुमार खड्का | ईन्जिनियर | १० | १,५०० | १५,००० | १२,७५० |
| १२ | कर्ण शाही | रोजगारसंयोजक | १० | १,५०० | १५,००० | १२,७५० |
| १३ | विष्णुप्रसाद शर्मा | लेखा सहायक | ५ | १,५०० | ७,५०० | ६,३७५ |
| १४ | कमलराजविष्ट | सवईन्जिनियर | ७ | १,५०० | १०,५०० | ८,९२५ |
| १५ | अर्जुन पुन | सवईन्जिनियर | १० | १,५०० | १५,००० | १२,७५० |
| १६ | गणेशबहादुर थापा | रोजगारसहायक | १० | १,५०० | १५,००० | १२,७५० |
| १७ | खगेन्द्रके.सी. | सवईन्जिनियर | १ | १,५०० | १,५०० | १,२७५ |
| १८ | केशवज्ञावली | हसचा | ३ | १,५०० | ४,५०० | ३,८२५ |
| **जम्मा** | | | | | | **१,४५,३५०** |

| असुल गर्नुपर्ने | १,४५,३५० |
|---|---|

## ८१ प्रसूति भत्ता

निजामति सेवा नियमावली, २०५० को नियम ५९ मा प्रसूति विदा तथा प्रसूति स्याहार विदा पाएका निजामति कर्मचारीलाई बच्चाको स्याहारको निमित्त बढीमा दुई बच्चाको लागि जनही एकमुष्ट पाँच हजार रुपैयाँ शिशु स्याहार भत्ता उपलब्ध गराउने उल्लेख छ। तर करारमा कार्यरत विनोदकुमार अधिकारीलाई प्रशुति स्याहार भत्ता रु.५,०००।भुक्तानी भएकोले संवन्धित कर्मचारीसँग असुल गर्नु पर्ने रु.

| असुल गर्नुपर्ने | ५,००० |
|---|---|

## ८२ कन्टिन्जेन्सी खर्च

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची-१ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खॅच २ प्रतशत र साना तिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिजेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। कार्यालयले कन्टिन्जेन्सी खर्चतर्फ मस्टरोलबाट काम गरेको उल्लेख गरी भ्रमण खर्च रु.१०,२८,५११।०, कार्यालय सामान रु. १४,२५,७१६।०, बैठक भत्ता

रु.५,२४,५६१।०, विविध रु.१०,६३,९९३।०, मर्मत रु.१,७४,२६८।०, इन्धन रु.१,२१,८९९।० समेत रु.४३,३८,९५३।० कन्टीन्जेन्सी खर्च गरेको छ ।

- सार्वजनिक खरिदमा कन्टिजेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका,२०७४ अनुसार कन्टिन्जेन्सी बाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन । योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुटयाई नापी किताबमा प्रविष्टि गर्नुपर्छ। यसमा आगामी दिनमा सुधार गर्नु पर्दछ।

८३ **सफ्टवेयर खरिद र परिचालन**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यक्ताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरेर विभिन्न सफ्टवेयरहरुमा गत वर्षसम्म रु.१०,४२,१४०।भुक्तानी गरेको छ। ती सफ्टवेयरको खरिदको अतिरिक्त वार्षिक मर्मत सुधारमा गत वर्ष सम्म प्रत्येक वर्ष रु.१,६०,०००। खर्च गरेको छ। सफ्टवेयर खरिदको आवश्यक्ता यस्तो लागत अनुमान त्यसको पूर्ण प्रयोग,उक्त सफ्टवेयर संचालनको स्वीकृती र सफ्टवेयर अडिट गरेको छैन।उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ। सफ्टवेयर खरिदको आवश्यक्ता यस्तो लागत अनुमान त्यसको पूर्ण प्रयोग,उक्त सफ्टवेर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन। उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

८४ **अधुरा आयोजना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष रु.८८,६६,०५४।को १ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ। यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ। सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन्। यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ।

| **योजनाको नाम** | **निर्माण व्यवसायी** | **सम्झौता रकम** | **सम्झौता मिति** | **संझौता अवधि** | **भुक्तनी रकम** |
|---|---|---|---|---|---|
| कुइया ताल संरक्षण | विलासपुर निर्माण सेवा | 8866054.57 | 2078/12/17 | 2079/2/20 | 25,63,812 |

बजेटको सुनिश्चितता नगरी कार्यक्रम/योजना राख्नाले संक्का लागेको वर्षमा काम नसकिएकोले र आगामी वर्षमा बजेट नभएकाले योजना अलपत्र रुपमा रहेको पाइयो।

८५ **भुक्तानीमा करकट्टी:**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ अनुसारको भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायको भुक्तानीमा नियमानुसार लाग्ने रु.१६,८५०। अग्रिम कर कट्टी नगरेको एवं घटी कट्टी गरेकोले उक्त रकम असुल हुनुपर्ने रु.

| गो.भौ.नं.।मिति | भुक्तानी लिनेकोनाम | करको प्रकार | करकट्टी गर्नुपर्ने | करकट्टीगरेको | घटिकरकट्टी रकम |
|---|---|---|---|---|---|
| ७१९।०८१। १।२६ | तेज कुमारी रेग्मी को पेश्की फर्छ्यौटमा पालिकाले कम रकम भुक्तानी दिइ पारिश्रमिक कर पालिका खातामानै रहेकाले पालिका खाताबाट पारिश्रमिक कर दाखिला गर्नु पर्ने | पारीश्रमिक कर(१५%) | १३,८५० | ० | १३,८५० |
| ९१४।०८१। ३।१७ | वेलपाटा कृषि बहुमुखी सहकारी संस्था लि. | अग्रिमकर(१.५%) | १,५०० | ० | १,५०० |
| ९५८।०८१। ३।१७ | | | १,५०० | ० | १,५०० |
| **जम्मा** | | | १६,८५० | ० | **१६,८५०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,८५० |

८६ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ। यस पालिका अन्तर्गतका ६ बर्थिङ सेन्टरमा गत वर्ष ७० थानको रु.५५,५१०। र यस वर्ष ५०० थान को रु.४,४६,३५०। खरिद गरेकोमा ११९ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा खरिद गरिएका ४५१ थान न्यानो झोला मौज्दातमा रहेका छन्। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

८७ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले ससर्त तथा पालिका चालु बाट बजेट उप शिर्षकबाट देहायका फर्मसँग रु.२२,८१,५००। को औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

८८ **समायोजन ग्रेडसहित बढी ग्रेड भुक्तानी**

निजामति सेवा ऐन, २०४९ को दफा ७ ख (२) मा निजामति कर्मचारीको हकमा सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पास नगराई तलब खुवाउन नहुने तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. ३०५, मिति २०७९। ०२।०५ मा समायोजन भएका स्वास्थ्य सेवा कर्मचारीको ग्रेड सम्बन्धी पत्रमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ (८) बमोजिम समान तहमा समायोजन भएका नेपाल स्वास्थ्य सेवाका कर्मचारीलाई समायोजन ग्रेड थप गरी उपलब्ध गराउने साथै त्यस्तो ग्रेड समायोजन भई गएका तहमा बहाल रहेसम्म पाउने, स्तरवृद्धि भएपश्चात जुन तहमा स्तर वृद्धि भएको हो सो तहको सुरु तलब स्केलमात्र पाउने तर त्यस्तो सुरु स्केल खाईपाई आएको रकमभन्दा कम भएमा प्रचलित कानुनबमोजिम उपलब्ध गराउने उल्लेख छ । तर पालिकाले कोष तथा लेखा नियन्त्रक कार्यालयले पारित गरेको आर्थिक वर्ष २०८०/०८१ को तलबी प्रतिवेदन वमोजिम स्तरवृद्धि

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **३३,११८.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **३३,११८.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **३३,११८.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **३३,११८.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **३३,११८.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **३३,११८.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **३३,११८.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३३,११८.८ |

## ८९ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। चुप्रा बजार र डुङ्गेश्वर बजारमा उत्सर्जन हुने फोहर नजिकै खाडल खनी संकलन गरि विसर्जन गर्ने गरेको छ। पालिकामा उत्पन्न हुने फोहोरको व्यवस्थापनमा पालिकाले ध्यान दिनु पर्ने साथै संकलन गर्दा न्यूनतम शुल्क संकमलन गरि संकलनको लागत घटाउने तर्फ ध्यान दिनु पर्दछ।

## ९० शिक्षक विद्यार्थी अनुपात

शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ७७ को उपनियम (१) मा विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ मा केहि विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ।

| सि.न | विद्यालयको नाम र ठेगाना | शिक्षक सङ्ख्या | विद्यार्थी सङ्ख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | श्री त्रिवेणी संगम माध्यमिक विद्यालय, चुप्रा | १७ | ४१५ | १:२४ |
| २ | श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, बेलपाटा | ३ | ५२ | १:१७ |
| ३ | श्री आनन्द नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, खाडा | ३ | ६६ | १:२२ |
| ४ | श्री जनकल्याण माध्यमिक विद्यालय, सेर्माकोट | १८ | ५८७ | १:३३ |
| ५ | श्री भैरव आधारभुत विद्यालय, लाकुरी | ६ | १७८ | १:३० |
| ६ | श्री भैरवदेवी प्राथमिक विद्यालय, पैयाचौर | ३ | ४८ | १:१६ |
| ७ | श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, उम | ४ | ८७ | १:२२ |
| ८ | श्री शिवालय प्राथमिक विद्यालय, त्रिकुले | २ | ८४ | १:४२ |
| ९ | श्री जनता प्राथमिक विद्यालय, तल्लोलाकुरी | २ | ४४ | १:२२ |
| १० | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, हनेटा | १० | १९७ | १:२० |
| ११ | श्री जनक आधारभुत विद्यालय, बाले | ४ | १०७ | १:२७ |
| १२ | श्री सिद्धमालिका प्राथमिक विद्यालय, रातामाटा | २ | २३ | १:१२ |
| १३ | श्री जनचेतना प्राथमिक विद्यालय, थालिकाँडा | २ | १३ | १:७ |
| १४ | श्री जीवन ज्योती आधारभुत विद्यालय, आग्र | ५ | १५३ | १:३१ |
| १५ | श्री जनहित प्राथमिक विद्यालय, सानोवइरी | ३ | ५५ | १:१८ |
| १६ | श्री गणेश प्राथमिक विद्यालय, खानीचौर | ३ | ४२ | १:१४ |

उपरोक्त विवरण अनुसार पालिकामा शिक्षक विद्यार्थी अनुपात अधिकतम १:४२ देखि न्युनतम १:७ सम्म रहेको देखिन्छ। IEMIS विवरण अनुसार पालिकाको २९ वटा विद्यालयको औषत शिक्षक विद्यार्थी अनुपात १:२५ रहेको छ। पालिकाले विद्यार्थी विवरणको सत्यापन गरी आवश्यकता, भुगोल र औचित्य समेतलाई विचार गरी प्रचलित कानून बमोजिम विद्यालय समायोजन एंव शिक्षक दरबन्दी मिलान तर्फ ध्यान दिनुपर्दछ ।

## ९१ विद्यालयगत निकासा खाता

विद्यालय कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक विद्यालयको स्थायी, करार र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अधावधिक गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलब, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन। अतः विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ।

## ९२ निशुल्क शिक्षा

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति

कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ। भन्ने व्यवस्था भएता पनि पालिकाले संस्थागत विद्यालयको अनुगमन समेत गर्ने गरेको देखिएन।

९३ **कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं २.७.१३.१३ शैक्षिक, व्यवस्थापकीय सुधार, सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान स्वरुप माध्यमिक विद्यालयमा कम्तिमा २०० जना र आधारभुत तहमा १०० जना विद्यार्थी भएका विद्यालयहरुलाई सामाजिक परीक्षण मापदण्ड, २०७८ बमोजिम उच्चतम अंक प्राप्त गरी प्रथम र द्धितिय हुने विद्यालयलाई क्रमश रु ३,००,००० र २,००,००० निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले श्री सीता जनसहयोग माध्यमिक विद्यालय, डुङ्गेश्वर र श्री भैरवदेवी प्राथमिक विद्यालय, पैयाँचौरलाई क्रमश रु ३,००,००० र २,००,००० का दरले भुक्तानी दिएको छ । विद्यालयहरुले मापदण्ड अनुसार खर्चमा मितव्ययिता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ।

९४ **सामुदायिक सिकाइ केन्द्र सञ्चालन अनुदान**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं २.७.१३.११ को उपक्रियाकलाप नं ६.७ मा नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुको स्थलगत निरीक्षण गरी तोकिएको मापदण्ड पुरा भएका सामुदायिक सिकाइ केन्द्रहरुलाइ वार्षिक एकमुष्ठ रु २,५०,००० अनुदान दिने र सोबाट तोकिएको कार्य सञ्चालन गर्नुपर्ने व्यवस्था छ । पालिकाले भगवती सामुदायिक सिकाइ केन्द्रलाई पालिकाबाट दिनु पर्ने रु.२३,०४०। गोश्वारा भौचर नं ५०-२०८०।६।२४ ससर्त अनुदान बाट भुक्तानी भएकाले पालिका खातामा रहेको सो रकम पालिका खाताबाट बेरुजु खातामा दाखिला गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,०४० |

९५ **दिवा खाजा**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.११.१ मा (शैक्षिक सुचना व्यवस्थापनन प्रणाली (IEMIS मा प्रविष्टी भएको प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मको विद्यार्थी सङ्ख्यालाई आधार मानेर स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु.१५ का दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने र दोश्रो त्रैमासिक देखि स्थानिय तहले विद्यालयको भौतिक रुपमा कक्षा चलेको दिन खाजा उपलब्ध गराएको विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको प्रमाणित सङ्ख्यात्मक विवरणको आधारमा स्थानिय तहले सङ्ख्या एकिन गरेपछि मात्र थप अनुदान दिनुपर्ने व्यवस्था छ। पालिकाले यस आ.व मा १९६९ जना विद्यार्थीहरुको दिवा खाजाका लागि रु. ३८,९०,५३० विद्यालयहरुलाई निकासा दिएको छ। विद्यालयहरुले रु ३८,७४,०२० को मात्र विल भरपाइ तथा हाजिरी पेश गरेकोले सम्वन्धित विद्यालयबाट रु १६,५१०असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,५१० |

९६ **विद्यालयको अनुगमन नियमन व्यवस्था**

स्थानीय रकार सत्र्चालन ऐन, २०७४ को दफा ११ वमोजिम माध्यमिक तहसम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धी कार्य सम्वन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्वन्धी मापदण्ड तयार गरेको छैन।जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा सञ्चालन हुन नसक्ने र विद्यालयहरुले सञ्चालन गरेको शैक्षिक कार्यकलापको वस्तुनिष्ठ अवस्थाको एकिन गर्न नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने र विद्यालयको कार्यसम्पादनका आधारमा कार्यक्रम वितरण गर्नेतर्फ ध्यान दिनुपर्दछ।

९७ **निशुल्क शिक्षा**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ। भन्ने व्यवस्था भएता पनि पालिकाले संस्थागत विद्यालयको अनुगमन समेत गर्ने गरेको देखिएन।

९८ **कृषी पशु अनुदान**

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ। यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। पालिकाले यस वर्ष कृषि तथा पशु शाखामा बाट उपलब्ध गराएको विवरण अनुसार रु.४४ लाख ५० हजार खर्च गरेको छ।लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट २०४८ जनाको लागि रु.१९,५०,०००। खर्च भएको व्यहोरा देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ। अनुदान प्राप्न गर्ने केही कृषक र अनुदान रकम निम्नानुसार छन्।

| क्रम | अनुदानको किसिम | व्यक्ती संख्या | रकम रु हजारमा |
|---|---|---|---|
| १ | ७५ प्रतिशत अनुदानमा आरी सिकेचर वितरण | 50 | 1,00,000 |
| २ | ७५ प्रतिशत अनुदानमा हिउँदे तथा वर्खे फलफूल वितरण कार्यक्रम | 218 | 1,00,000 |
| ३ | आलुब बाली पकेट विकास कार्यक्रम | 100 | 6,00,000 |
| ४ | प्लाष्टिक टनेल खरिद | 230 | 2,00,000 |
| 5 | कागती विरुवा खरिद | 400 | 1,50,000 |
| 6 | बोका खरिद तथा वितरण | 50 | 4,00,000 |
| 7 | एक पालिका एक बालि बस्तु उत्पादन कार्यक्रम | 1000 | 4,00,000 |
|  | जम्मा | 2048 | 19,50,000 |

९९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा १२ योजना सञ्चालन गरी यस वर्ष ९० जनालाई औसत ९८.३ दिनले ८,८४७ दिन रोजगारी उपलव्ध गराई रु.५९,०९,७३५। श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन

गर्नुपर्दछ ।

मुख्य मन्त्रि रोजगार कार्यक्रम पालिकामा रहेका ६ वडाहरुमा ५ वटा योजना संचालन गरी १८० जनालाईकुल ५,८४७ दिन रोजगार उपलब्ध गराइ रु.६७,२२,५४२। खर्च गरेको छ।

१०० **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले सानिमा बैक मार्फत रु.७,२२,३५,०४७। सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखिन्छ। ,

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : डुङ्गेश्वर गाउँपालिका, दैलेख , दुन्गेश्वोर गाउँपालिका , दैलेख

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रेम वहादुर डि सी | २०७८-१२-१३ | २०८०-११-१० |
| कार्यालय प्रमुख | मणिराम खराल | २०८०-११-११ | २०८१-६-५ |
| कार्यालय प्रमुख | ललित कुमार थापा | २०८१-६-७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | टंक बहादुर कार्कि | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,९५४,२०३.६७ | १७,७२७,७६५ | २,६३२,९५१ | ० | ० | ९६३,४३२ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २३,२७८,३५१.६७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ८१३,५२७.२ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २२,४६४,८२४.४७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ३७९७३१९४.२६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३१३७८४९१८.३ | चालु खर्च | ३३९६८१७११.९ |
| प्रदेश सरकारबाट अनुदान | ३१८३७२५३.९९ | पूँजीगत खर्च | ७९९८९४७५.६७ |
| राजश्व बाँडफाँट | २२६९०७००.६९ | वित्तीय/अन्य व्यवस्था | १३३०१००५.५१ |
| आन्तरिक आय | ३४५०३६२.३८ | | |
| अन्य आय | ३३०८२८१९.१४ | | |
| कुल आय | ४०४८४६०५४.५ | कुल खर्च | ४३२९७२१९३.०८ |
| बाँकी मौज्दात | | ९८४७०५५.६८ | |

# अनुसूची - २

# सुझाव

स्थानीय तहबाटा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा पालिकाले कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पूँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनुहुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- पुर्वाधार निर्माण आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरी जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग-अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।

- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।